# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश,नेपाल
## तानसेन पाल्पा

☎ ०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२१
✉ info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

पत्र स ०८२।०८३
च.न

मिति: २०८२/०४/११

### किसान सूचीकरण सहजकर्ताको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

तानसेन नगरपालिकाको आ.व.२०८२/०८३ को लागि संघीय सरकारबाट हस्तान्तरित कृषि तर्फको स्वीकृत कार्यक्रम अर्न्तगत **किसान सूचीकरण कार्यक्रम** संचालनका लागि कृषक दर्ता गर्न **किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१** को परिच्छेद ६ बमोजिम जनशक्ति व्यवस्थापन (सहजकर्ता छनोट) गर्नु पर्ने भएको हुँदा तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तानसेन नगरपालिका अन्तर्गत कृषि विकास शाखामा रितपूर्वक दरखास्त दिन हुन सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| क्र. स | विज्ञापन नं | पद | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | ०१/०८२/८३ | किसान सूचीकरण सहजकर्ता | ता. न. पा. वडा नं. १, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ | |

**१. आवश्यक न्यूनतम योग्यता**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ उर्तीण गरेको ।
- इन्टरनेट चलाउन सक्ने, स्मार्ट फोन, ट्याब्लेट वा ल्यापटप भएको हुनुपर्ने ।

**२. आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

**३. उमेर :** पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ३९ वर्ष ननाघेको ।

**४. प्राथमिकता:** सम्वन्धित वडाका स्थानीयलाई प्राथमिकता दिइनेछ ।

**५. सेवा सुविधा :** तथ्याङ्क संकलन गरी सूचना प्रणालीमा प्रविष्ट गरे वापत प्रति घरधुरी रु.७५ ।- (अक्षरुपी पचहत्तर मात्र) उपलब्ध गराइने छ ।

(थप जानकारीको लागि तानसेन नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सर्म्पक गर्नुहुन अनुरोध छ ।)

.........................................
दुर्गा बहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner